"न्यायपालिकाको स्वतन्त्रता: न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

## न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना
## (२०७६/०७७-२०८०/०८१)
## अन्तर्गत

# वार्षिक कार्य योजना

# २०७६/०७७



जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# उच्च अदालत पोखरा बागलुङ इजलास
## बागलुङ
## २०७६

# उच्च अदालत पोखरा

# बागलुङ इजलास, बागलुङमा

## कार्यरत माननीय न्यायाधीशज्यूहरु तथा रजिष्ट्रार



मुख्य भई काम गर्ने माननीय न्यायाधीश श्री मोहन बहादुर कार्की



माननीय न्यायाधीश श्री द्वारिकामान जोशी



माननीय न्यायाधीश श्री मुनेन्द्रप्रसाद अवस्थी



रजिष्ट्रार श्री ध्रुव कुमार ढकाल

# मन्तव्य

न्यायपालिकाको योजनावद्ध सुधारको प्रयासको रुपमा रहेको न्यायपालिकाको तेस्रो पञ्चवर्षिय रणनीतिक योजना कार्यान्वयनको अवधि समाप्त भइ २०७६ श्रावण १ गते देखि चौथो पञ्चवर्षिय रणनीतिक योजना (२०७६/७७ - २०८०/८१) प्रारम्भ भएको छ । न्याय प्रणालीको समयानुकुल विकासका क्रममा भएका सुधारका प्रयासहरुमा रणनीतिक योजनाको निर्माण र कार्यान्वयन हाम्रो न्यायपालिकाको प्रमुख विशेषता रहि आएको छ । परिवर्तित समयअनुकुल न्यायपालिकालाई पनि गतिशिल निकायको रुपमा विकास एवं विस्तार गर्नका लागि योजनावद्ध सुधारको प्रकृयालाई निरन्तरता दिन जरुरी छ । "सबैका लागि न्याय सुनिश्चित गर्ने " परिदृष्य (Vision) र संविधान, कानुन र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवं निशपक्ष न्याय सम्पादन गर्ने परिलक्ष्य (Mission) लिई संविधान र कानुन प्रति आस्था, स्वतन्त्रता, निष्पक्षता र सक्षमता, स्वायत्तता, उत्तरदायित्व र जवाफदेहीता, स्वच्छता र समानता, गुणस्तरियता, सदाचार, प्रतिनिधित्व र समावेशिता, स्वामित्व, सहभागिता र समन्वय जस्ता मुल्यहरु (Values) लाई अंगिकार गरी शुरु भएको प्रस्तुतं चौथो पञ्चवर्षिय रणनीतिक योजनाले न्यायपालिकाको काम कारवाही छिटो, छरितो र गुणस्तरीय न्याय सम्पादन, जनताको न्यायमा पहुँच, अभिवृद्धि, न्यायीक सुशासन, अदालत व्यवस्थापनको सुदृढीकरण र न्यायपालिका प्रतिको जनआस्था र विश्वास अभिवृद्धि गर्ने जस्ता लक्ष्य राखेर रणनीतिक योजना सार्वजनिक भै लागू हुन गइरहेको छ ।

मूल योजनाले निर्दिष्ट गरेबमोजिम मूल योजनाको परिधी भित्र रहि प्रत्येक अदालतहरुले योजनाले लिएका लक्ष्य र उदेश्य प्राप्ति गर्नका लागि आफ्नो अदालतको बार्षिक कार्य योजना तयार गरि लागू गर्नु पर्ने हुँदा सोहिअनुसार विगत योजनाहरु भन्दा परिमार्जित रुपमा तर्जुमा भएको र सोको कार्यान्यनको लागी यस अदालतको पूर्ण बैठक, कर्माचारी बैठक एवं म स्वयंको संयोजकत्वमा गठन गरिएको योजना कार्यान्वयन समितिले तयार गरि पेस गरेको प्रस्तुत बार्षिक कार्य योजना पूर्ण बैठकले पारित गरी कार्यान्वयनमा ल्याउन लागिएको छ । तेस्रो पञ्चबर्षिय रणनीतिक योजनाले निर्धारण गरेबमोजिम गत बर्ष यस अदालतको बार्षिक कार्य योजनामा उल्लेख भए अनुसार योजना कार्यन्वयनको स्थित हेर्दा सन्तोषजनक रहेको छ । आ.ब. २०७५-७६ मा कुल मुद्दाको ७५% फछर्यौट गर्ने लक्ष्य रहेकोमा लक्ष्य भन्दा बढी ७७.१५% फछर्यौट भएको र अन्य क्रियाकलापहरुसमेत लक्ष्य बमोजिमनै सम्पन्न भएकोले प्रगती सन्तोषजनक एवं उत्साहप्रद रुपमा रहेको छ । यस कार्ययोजनाले लिएको लक्ष्य अनुसार प्राप्त प्रगतिका लागि यस अदालतका माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रार, सम्पूर्ण कर्मचारी, सुरक्षाकर्मीहरु, जिल्ला अदालतका माननीय न्यायाधीश ज्यू, सम्पूर्ण कर्मचारीहरू एवं उच्च अदालत वार एसोसिएसनका पदाधिकारी लगायत सबै धन्यवादका पात्र हुनुहुन्छ ।

आगामी योजनाको प्रभावकारी कार्यान्वयन गर्न न्यायालयको एक्लो प्रयासले मात्र सम्भव नहुने हुदा बिगतका सफलता, प्रयास र चुनौतिबाट अनुभव लिदै राज्यका विभिन्न अङ्ग, सरोकारवाला निकाय, न्यायका उपभोक्ता, नेपाल बार एसोसिएसन, नागरिक समाज, कर्मचारी लगायत सबैको सक्रिय, समन्वयात्मक एवं रचनात्मक सहयोगको पूर्ण अपेक्षा गर्दै यस चौथो रणनीतिक योजनाले लिएको स्वतन्त्र, निशपक्ष र प्रभावकारी न्याय प्रदान गर्ने लक्ष्य हासिल गर्न अझ इमान्दारीताकासाथ सक्रिय र समर्पित भई कार्य सम्पादन गर्न यस उच्च अदालत पोखरा, बागलुङ इजलास प्रतिवद्धता व्यक्त गर्दछ ।

अन्त्यमा यस अदालतको प्रस्तुत बार्षिक कार्ययोजना २०७६/७७ तयार गर्नुहुने योजना तर्जुमा समितिका सदस्यहरु लगायत सम्पूर्ण कर्मचारीहरुप्रति हार्दीक धन्यवाद व्यक्त गर्दछु ।

...............................

मोहन बहादुर कार्की

मुख्य भई काम गर्ने न्यायाधीश

उच्च अदालत पोखरा, बागलुङ इजलास

*"न्यायपालिकाको स्वतन्त्रता: न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"*

**न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना**

(२०७६/०७७-२०८०/०८१)

# वार्षिक कार्य योजना

## आ.व.२०७६/०७७

## उच्च अदालत पोखरा, बागलुङ इजलास

**बागलुङ**

२०७३

# विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| **प्रारम्भिक खण्ड (परिच्छेद-१)** | |
| **१. पृष्ठभूमि एवं तर्जुमा विधि** | |
| १.१.उच्च अदालत पोखरा बागलुङ इजलासको परिचय | १ |
| १.२.जनशक्ति | १-२ |
| १.३.पृष्ठभूमि | २-४ |
| १.४.योजना तर्जुमा विधि | ४ |
| **समिक्षा खण्ड (परिच्छेद-२)** | |
| **२. वस्तुस्थिति विश्लेषण तथा समिक्षा** | |
| २.१. वर्तमान वस्तुस्थितीको विश्लेषण | ५-७ |
| २.२.आ.व.२०७५/०७६ को निर्धारित लक्ष्य र प्रगतिको समिक्षा | ७-११ |
| २.३ फैसला कार्यान्वयन | १२ |
| **वार्षिक तथा मासिक लक्ष्य निर्धारण खण्ड (परिच्छेद-३)** | |
| **३. वार्षिक लक्ष्य निर्धारण तथा वार्षिक लक्ष्य बमोजिम मासिक कार्यतालिका लक्ष्य निर्धारण फारामहरु** | **१३-२६** |
| क. फाराम नं. १ मुद्दाको वार्षिक अनुमानित लगत निर्धारण | |
| ख. फाराम नं. २ सुरु मुद्दा, पुनरावेदन, रिट निवेदन, साधक जाँच, निवेदन | |
| ग. प्रतिवेदन फुटकर निवेदनसमेतको वार्षिक लक्ष्य निर्धारण फाराम | |
| घ. फाराम नं. ३ मुद्दा, निवेदन, प्रतिवेदन तर्फको मासिक लक्ष्य निर्धारण फाराम | |
| ङ. फाराम नं. ४ इजलासगत मासिक लक्ष्य निर्धारण फाराम | |

च. फाराम नं. ५ निरीक्षण एवं अनुगमन सम्बन्धी लक्ष्य निर्धारण फाराम

छ. फाराम नं. ६ मिसिल निरीक्षण सम्बन्धी मासिक लक्ष्य निर्धारण फाराम

ज. व्यवस्थापकीय कार्यको मासिक लक्ष्य निर्धारण फाराम

झ. मेलमिलाप पद्धतीको सुदृढीकरण सम्बन्धी फाराम

**रणनीतिक कार्यक्रमहरुको कार्यान्वयन योजना खण्ड**

**(परिच्छेद-४)**

**४. लक्ष्य तथा रणनीतिक उद्देश्यहरुको कार्यान्वयनका लागि वार्षिक रुपमा सञ्चालन हुने रणनीतिक क्रियाकलापहरु** **२७-४५**

**बजेट खण्ड**

**(परिच्छेद-५)**

**५. आ.व. २०७६/०७७ को वार्षिक कार्य योजना कार्यान्वयन गर्न आवश्यक बजेट तालिका** **४६**

**समस्या समाधान र निश्कर्ष खण्ड**

**(परिच्छेद-६)**

अदालत भवनको हालको भौतिक अवस्था ४७-४८

सवारी साधन ४८

विनियोजन बजेट सम्बन्धमा ४८

विद्युत अवरोधको वैकल्पिक अवस्था ४८-४९

न्यायाधीश तथा कर्मचारीको आवास ४९

निश्कर्ष ४९

अनुसूची ५०

# प्रारम्भिक खण्ड

# (परिच्छेद -१)

## १. पृष्ठभूमि एवं तर्जुमा विधि

### १.१. उच्च अदालत पोखरा, बागलुङ इजलासको परिचय

साविक धौलागिरि अञ्चलको सदरमुकाम हाल गण्डकी प्रदेश अन्तर्गत बागलुङ जिल्ला, बागलुङ बजारमा अवस्थित तत्कालिन पुनरावेदन अदालत बागलुङको स्थापना २०५३ साल बैशाख १ गते भएकोमा तत्कालीन धौलागिरि अञ्चल अदालत र बागलुङ जिल्ला अदालतको संयुक्त नाममा रहेको बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. २ कि.नं. ३७८ को क्षेत्रफल रोपनी ७—१५—०—३ को जग्गामा बनेको दुईतले भवनमा उच्च अदालत पोखरा, बागलुङ इजलास सञ्चालन भइरहेको छ । वि.सं. २०७२ साल वैशाख १२ गतेको भुकम्पले यस अदालतको भवनमा क्षति पुगी र अदालतको कामकारवाही गर्न ज्यादै कठिनाई परी जस्ताको छाना भएको अस्थायी टहरा निर्माण गरी इजलास संचालन भै काम कारवाही गरी आएको अवस्था रही सो पुरानो भुकम्पबाट क्षति ग्रस्त भवनलाई भत्काई नयाँ भवन बनाउनु पर्ने टड्कारो आवश्यकता रहेको छ । नेपालको संविधानको धारा १३९ अनुसार उच्च अदालत गठन भई उच्च अदालत पोखरा बागलुङ इजलासको २०७३ साल असोज देखि यस अदालतको स्थापना भई संचालन भई आएको छ । यस अदालतले संविधान एवं कानूनले तोकिए बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका काम कारवाही गरी आएको अवस्था विद्यमान छ ।

### १.२. जनशक्ति

न्याय सेवामा कार्यरत कर्मचारीहरुले सम्पादन गर्नु पर्ने कार्यको  जटिलता, संवेदनशिलता र विशिष्टताका कारण आफ्नो कार्य सम्पादन प्रभावकारी रुपमा गर्नका लागि दक्ष जनशक्तिको विकास र व्यवस्थापन यथोचित रुपमा गर्नुपर्ने हुन्छ । सेवालाई चुस्त दुरुस्त बनाउन र न्याय सम्पादन छिटो छरितो तुल्याउन एवं सेवा प्रवाहलाई व्यवहारिक तथा प्रभावकारी गराउनका लागि दक्ष कर्मचारीहरुलाई समय सापेक्ष तालिम अभिमुखिकरण, वृत्ति विकास र उत्प्रेरणा जगाउने खालको कार्यक्रमको आवश्यकता देखिन्छ अदालतहरुमा तत्काल नयाँ संगठन संरचना अर्थात O and M भै दरबन्दीहरु सिर्जना भएकोमा तोकिएको दरबन्दी तत्काल पूर्ति हुन पर्ने अवस्था विद्यमानता छ । अदालतमा दक्ष जनशक्तिको कमि, कमजोर भौतिक

अवस्था लगायतका समस्याहरुका बाबजुद पनि आगामि वर्षहरुमा चौथो योजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्न यस बागलुङ इजलासले मौजुदा कार्मचारीहरुबाट अझै सक्रिय र समर्पित भई कार्य सम्पादन गर्नु पर्ने देखिन्छ ।

यस अदालतमा हाल मुख्य भई काम गर्ने न्यायाधीश सहित तीन जना माननीय न्यायाधीशहरु कार्यरत रहेको अवस्था छ । अन्य जनशक्तिमा अधिकृत स्तरमा रजिष्ट्रार (रा.प.द्वितीय) एक, शाखा अधिकृत (इजलास अधिकृत रा.प.तृतिय) चार, शाखा अधिकृत (रा.प.तृतिय) दुई गरी छ जना दरबन्दी रहेकोमा एकजना शाखा अधिकृत उच्च अदालत सुर्खेत इजलासमा काजमा रहेको, ना.सु. (राजपत्र अनंकित प्रथम) नौ पद मध्ये पाँचजना कार्यरत र चार पदपुर्ती हुन बाँकी ,लेखापाल (राजपत्र अनंकित प्रथम) एक ,सूचना प्रबिधि सहायक (राजपत्र अनंकित प्रथम) एक, पुस्तकालय सहायक (राजपत्र अनंकित प्रथम) एक, कम्प्युटर अपरेटर (राजपत्र अनंकित प्रथम) दुई, सिनिएर इलेक्ट्रिसिएन(राजपत्र अनंकित प्रथम) एक, तामेलदार (राजपत्र अनंकित द्वितीय) दुई, रहेकोमा दुबैजना अन्य अदालतमा काजमा रहेका,हलुका सवारी चालक (श्रेणी विहीन) एक, कार्यालय सहयोगी (श्रेणी विहिन) दश गरी जम्मा ३५ जनाको दरवन्दी रहेको छ । एकजना ना.सु.एकजना तामेलदार डिठ्ठा मुस्ताङ जिल्ला अदालतबाट यस अदालतमा काजमा रहनुभएको छ । साविक पद डिठ्ठा (राजपत्र अनंकित द्वितीय) सात पद रहेकोमा हाल डिठ्ठा पद फाजिलमा परेको भए पनि ४ जना स्थायी डिठ्ठा कार्यरत रहेको र १ जना बागलुङ जिल्ला अदालतमा काज रहेको अवस्था छ ।

## १.३. <u>पृष्ठभूमि</u>

न्यायपालिकाले आफ्ना काम कारवाहीलाई योजनावद्ध ढंगले अगाडी वढाउने स्पष्ट दृष्टिकोणका साथ न्यायपालिकाको पञ्चवर्षिय रणनीतिक योजनाको सुरुवात २०६१ साल देखि शुरु भै मिति २०७६ साल श्रावण १ गते देखि लागू हुने गरी सर्वोच्च अदालतको पूर्ण वैठकवाट मिति २०७६।३।१८ गतेको निर्णय अनुसार चौथो पञ्चवर्षिय रणनीतिक योजना (०७५/०७६-०८०/८१) लागू भएको छ। सामाजिक मूल्य मान्यतामा आएको परिवर्तन सगै विज्ञान प्रविधिका क्षेत्रमा भएको विकास एवं विश्वव्यापीकरणको प्रभाव र देशमा भएको यूगान्तकारी परिवर्तन सगै न्याय सम्पादनको कार्यमा जटिलताहरु थपिएका छन्। मूलुकको संबैधानिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा आएको परिवर्तन संगै न्यायपालिका प्रति आम नागरिकको अपेक्षा पनि बढेको छ। न्यायपालिकाले यी विषयहरुलाई सम्बोधन गर्दै शिघ्र, सुलभ, सहज पहुँचयोग्य र न्यायको सुनिश्चितता प्रदान गर्दै आफ्नो सेवालाई थप प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्नुपर्ने आवश्यकता र चुनौति देखिएको छ। यस परिप्रेक्ष्यमा यस अदालतले पनि आफ्ना न्यायीक सुधारका प्रयासहरुलाई योजनाबद्ध रुपमा विगतका योजनाहरुवाट पाठ सिक्दै

सवल र सकरात्मक पक्षहरुलाई आत्मसाथ गर्दै विगत योजनावाट प्राप्त उपलब्धिलाई समेत मध्यनजर राखी आगामी दिनहरुमा यस चौथो पञ्चवर्षिय रणनीतिक योजनाले अंगिकार गरेको छिटो छरितो र गुणष्तरिय न्याय सम्पादन, न्यायमा पहुँच अभिबृद्धि, न्यायीक सुशासनको प्रवर्द्धन, अदालत व्यवस्थापन को सुदृढीकरण र न्यायपालिका प्रतिको आस्था र विश्वास अभिबृद्धि गर्ने जस्ता लक्ष्य र उद्देश्यहरु हासिल गर्न मूल योजनाको दायरा भित्र रहि सर्वोच्च अदालतबाट प्राप्त मार्ग निर्देशन समेतका आधारमा योजनाले निर्धारण गरेको लक्ष्य र कार्य सम्पादन सूचक बमोजिम आफ्नो दैनिक कामकारवाही एवं सेवा प्रवाहलाई चुस्त दुरुस्त राखी सेवालाई प्रभावकारी रुपमा सम्पादन गरी योजनाले लिएका लक्ष्य प्राप्त गर्ने परिदृष्य, परिलक्ष्य र मूल्यहरुलाई  पूर्ण रुपमा आत्मसाथ गर्दै यो वार्षिक कार्य योजना तयार गरी मिति ०७६।४।१ गतेदेखि लागू हुने गरी यस अदालतको फूलकोर्टवाट मिति  २०७६/०४/१० मा पारित गराई कार्यान्वयन गरिएको छ।

प्रस्तुत कार्ययोजना निर्माणको पृष्ठभूमिमा गत आ.व. ०७५/०७६को कार्ययोजनाको विश्लेषणात्मक समिक्षा गरी योजनाका बारेमा आन्तरिक वैठक र छलफल, न्यायका सरोकारवाला व्यक्ति, बार एसोसिएसन, न्यायक्षेत्र समन्वय समिति, पत्रकार एवं नागरिक समाजसँग भएको समन्वयात्मक एवं अन्तरक्रियात्मक कार्यक्रम बाट प्राप्त सुझाव र सहयोगलाई समेत आत्मसाथ गरिएको छ।

प्रस्तुत कार्ययोजनालाई मूर्तरूप दिन हामीले सहभागितामूलक रुपमा योजनालाई अपनत्व र स्वामित्वभाव प्रकट गर्दै इमान्दारिताका साथ संबिधान कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवं निश्पक्ष न्याय सम्पादन गर्ने प्रतिवद्धता जाहेर गर्दै विगतमा झै यस कार्य योजनाको कार्यान्वयनमा समेत बार एसोसिएसन, सरोकारवाला निकाय, आम नागरिक एवं सेवाग्राही लगायत सवै पक्षको सक्रिय सहयोगको अपेक्षा गर्दछौ।

**प्रस्तुत कार्ययोजना तर्जुमाको लागि देहायबमोजिमको कार्य समूह रहेको छ ।**

१- मुख्य भई काम गर्ने मा. न्या. श्री मोहनबहादुर कार्की - संयोजक
२- रजिष्ट्रार श्री ध्रुब कुमार ढकाल - सदस्य
३- शा.अ. श्री गोकर्णराज पन्त - सदस्य
४- शा.अ. श्री शंकर सापकोटा - सदस्य
५- शा.अ. श्री रामचन्द्र केसी - सदस्य
६- सू. प्र. अ. श्री सन्तोष शर्मा पौडेल - सदस्य

७- क.अ. श्री इन्द्रकुमारी काउचा - सदस्य

८- ता. डि. श्री समबहादुर थापा -सदस्य

९- डि.श्री प्रकाश पौडेल -सदस्य

**कार्ययोजना तर्जुमा तथा कार्यान्वयन समिति**

प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न उच्च अदालत नियमावली २०७३ को नियम १६६(क) बमोजिम देहाय अनुसारको समिति गठन गरिएको छ।

१- मा.मु. भई काम गर्ने मा. न्या. श्री मोहनबहादुर कार्की - संयोजक

२- रजिष्ट्रार श्री ध्रुबकुमार ढकाल - सदस्य

३- शा.अ. - श्री गोकर्णराज पन्त -सदस्य

## १.४. योजना तर्जुमा बिधि

न्यायपालिकाको योजनाबद्ध विकास गर्ने उद्देश्यका साथ मिति २०६१ सालदेखि आवधिक रुपमा रणनितिक योजना तर्जुमा गरी योजनाले लिएको लक्ष्य निर्दिष्ट गरिएको, रणनितिक कृयाकलापहरुलाई वार्षिक कार्ययोजनाको माध्यमबाट कार्यान्वयन गरिँदै आएकोमा यस आ.व. ०७६/०७७ देखि क्रियाशिल न्यायपालिकाको चौथो पञ्चवर्षिय रणनितिक योजनाबमोजिम निर्धारण गरिएको लक्ष्य हासिल गर्न चौथो पञ्चवर्षीय रणनीतिक योजनाको पहिलो वर्ष अर्थात आगामी आर्थिक वर्ष ०७६/०७७ का लागि वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने सन्दर्भमा मिति २०७६।०४।१० को यस अदालतको फुलकोर्टबाट निर्णय भए अनुसार यस अदालतका मुख्य भई काम गर्ने माननीय न्यायाधिश श्री मोहन बहादुर कार्की ज्युको संयोजकत्वमा विभिन्न शाखा तथा फाँटको प्रतिनिधित्व हुने गरी आठ सदस्यीय समिति गठन भई प्रस्तुत कार्य योजना तर्जुमा गरी कार्य योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न तीन सदस्यीय कार्य योजना तर्जुमा तथा कार्यान्वयन समिती गठन गरी सम्बन्धित सरोकारवालाहरूसंग अन्तरक्रिया, सुझाव, छलफलसमेत गरी विगत ३ बर्षको मुद्दाको लगत, फछ्र्यौट तथा बाँकीको आधारमा तत्थ्यांक अध्ययन गरी विश्लेषणात्मक आधारमा यो वार्षिक कार्ययोजना तयार पारी मिति २०७६।०४।०१ गतेदेखि नै लागुहुने गरि यस अदालतको मिति २०७६।०४।१०को फुलकोर्टबाट पारित गराई कार्यान्वयनमा ल्याइएको छ ।

# समिक्षा खण्ड

# (परिच्छेद-२ )

## २. वस्तुस्थिति विश्लेषण तथा समिक्षा

### २.१. वर्तमानको वस्तुस्थिति विश्लेषण

मुलुक संवैधानिक परिवर्तनपछि संघिय संरचनामा प्रवेश गरिसकेको अवस्थामा राजनीतिक आर्थिक तथा सामाजिक क्षेत्रमा भएको परिवर्तन संगै विज्ञान प्रविधिको विकास एवं कानूनी परिवर्तनबाट अदालत सामु नयाँनयाँ प्रकृतिका विषय विवादहरु थपिएका छन् भने समयानुकूल परिवर्तित संहिताहरु कार्यान्वयनका सन्दर्भमा अदालतमा थप चुनौतिहरु सिर्जित भएका छन् । अदालत व्यवस्थापन क्षेत्रमा आएका परिवर्तनहरुलाई समेत आफ्नो कामकारवाहीमा आत्मसाथ गर्न नसकेको कारण योजनाले अपेच्छा गरेको नजिता हासिल गर्न नसकेको अवस्था छ । परिवर्तित समय सन्दर्भ संगै न्यायपालिका प्रति जनताको बढ्दो अपेच्छा रहेको हुँदा अदालतले आफूलाई गतिशिल निकायको रुपमा स्थापित गर्नका लागि पनि न्यायपालिकामा थालिएको योजनाबद्ध सुधार प्रक्रियालाई निरन्तरता दिनु जरुरी छ ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समाप्ती भै चौथो पञ्चवर्षीय रणनीतिक योजना लागू हुने अवस्थासम्म अदालतमा योजनाबद्ध कार्य संस्कृतिको विकास भएको र परिवर्तित परिस्थितिहरुको विश्लेषण गर्दै आफ्नो सुधार प्रयासलाई समय सापेक्ष तुल्याउने प्रयास भईरहेको छ । यस अवधिमा अदालतले आफ्नो काम कारवाहीमा प्रभावकारिता ल्याउनुको साथै छिटोछरितो र गुणस्तरीय न्याय प्रदान गर्ने दिसामा आफ्नो सेवा प्रवाहलाई चुस्तदुरुस्त पारिएको छ ।

न्याय सम्पादन कार्यमा अदालतको एक्लो प्रयासले मात्र सार्थकता पाउन नसक्ने हुँदा न्याय क्षेत्रका सरोकारवालाहरुको पहिचान हुनुका साथै न्याय क्षेत्र समन्वय समिति मार्फत सरोकारवालाहरुसंगको समन्वय र सहकार्यमा अभिवृद्धि भएको छ ।

जिल्लाको भौगोलिक विकटता, नयाँ संहिताहरुको प्रयोग र कार्यविधि एवं स्रोत साधनको कमिले यस अदालतले योजना कार्यान्वयनमा आसातित नतिजा प्राप्त गर्न कठिनाई उत्पन्न हुन सक्ने

देखिन्छ । अदालत भवन तथा भौतिक पूर्वाधार लगायतका कार्य समय अनुकुलको हुन सकेको देखिदैन ।

अदालतलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्यानुपर्छ भन्ने सरोकारवालाहरुको धारणा रहेको पाइदा अदालतप्रति आम नागरिकको आस्था र विश्वास अभिवृद्धि गर्नको लागि आगामी दिनहरुमा न्यायीक सुशासनको अवस्थामा सुधार गर्नका लागि आचार संहिताको प्रभावकारी पालना, सेवा प्रवाहमा चुस्त दुरुस्त, सेवाग्राहीप्रति मैत्रीपूर्ण व्यवहार एवं मुस्कान सहितको सेवा कर्मचारीहरुमा पारदर्शी र इमान्दारिता, उजुरी र गुनासोको तत्काल सम्वोधन हुने व्यवस्था हुन उपयुक्त देखिन्छ । साथै अदालत प्रति जनतामा सकरात्मक दृष्टिकोण निर्माण गर्न अपरिहार्यता देखिन्छ । अदालतका सम्पूर्ण न्यायाधीश, कर्मचारीहरुको साझा प्रयासबाट योजनामा निर्धारितलक्ष्य प्राप्तिका दिशामा आफ्ना प्रयासहरुलाई केन्द्रित गर्ने परिस्थिति निर्माण गर्न नसकेमा योजनाको व्यवहारिक कार्यान्वयन गर्न असम्भव हुन्छ ।

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना शुरुवाती वर्षमा छ । वर्तमान अवस्थामा योजनाले लिएको उद्देश्य साकार पार्न अदालतले प्रवाह गर्ने आफ्नो काम कारवाहीलाई अझ बढी निष्पक्ष, मितव्ययी, सर्भसुलभ, गुणस्तरीय, प्रभावकारी, छिटो छरितो र पहुँचयोग्य बनाई अदालत प्रति जनआस्था अभिवृद्धि गर्दै सुधारका कार्यहरुलाई निरन्तरता दिन आवश्यक हुन्छ । छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायमा पहुँच अभिवृद्धि, न्यायीक सुशानको प्रवर्द्धन, अदालत व्यवस्थापनको सुदृढीकरण र न्यायपालिका प्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने जस्ता लक्ष्यका साथ तर्जुमा भएको न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनालाई सफल बनाई योजनाले लिएको लक्ष्य हासिल गर्न यस अदालतबाट विगतमा कार्यान्वयन भएका योजनाहरुको सवल पक्षलाई निरन्तरता दिंदै वर्तमान अवस्थामा मूल योजनाले लिएको लक्ष्य हासिल गर्न प्रस्तुत कार्ययोजना तयार गरिएको हो ।

विगतमा योजना मुताविक राखिएका यस अदालतको व्यवस्थापकीय कार्यहरुको पूर्ण रुपमा कार्यान्वयन गरिएको थियो भने उक्त कार्यहरुलाई पुनः निरन्तरता दिई सम्पन्न गर्ने लक्ष्य रहेको छ । आदेशानुसारको कामकारवाही यथाशिघ्र सम्पन्न गर्नेतर्फ कर्मचारीहरुले जिम्मेवारीपूर्वक कर्तव्य निभाएको पाइन्छ । न्याय निरुपण कार्यलाई प्रभावकारी बनाउन मेलमिलाप पद्धतिलाई पूर्ण रुपमा अवलम्वन गरिएको हो । त्यस्तै वैतनिक कानून व्यवसायीको सेवालाई अदालतको व्यवस्थापकीय कार्य अन्तर्गत राखी असाह्य अशक्त लगायत न्यायमा पहुँच नभएको व्यक्तिहरुको मुद्दामा उचित प्रतिनिधित्वको लागि प्रभावकारी बनाउन इ-हाजिरीको व्यवस्था समेत मिलाइएको हो साथै थुनुवा मुद्दामा थुनुवालाई अनिवार्य पेशीको जानकारी गराउने व्यवस्था अपनाइएको हो। मुद्दा सुनुवाईको क्रममा पेशी स्थगित गर्ने परिपाटीलाई बढीमा २ पटक सम्म स्थगितको मौका दिई थप कडाई गरिएको हो। मुद्दामा टिपोट र फैसला लेखनको कार्यलाई शिघ्रता दिई १५

दनि भित्रैमा फैसला तयार हुने गरेको भने हाल मुलुकी संहिताहरुमा उल्लेख भए अनुसार २१ दिनभित्र नै फैसला तयार गरी प्रमाणिकरण गर्ने गरिएको छ । वार्षिक कार्य योजनाको चौमासिक एवं आवधिक समिक्षा गरी समिक्षाबाट औंलाइएका समस्याहरु र न्यायीक काम काम कारवाहीमा देखिन आएको समस्याको निराकरणको लागि उचित निर्देशन समेत दिने गरिएको छ। सूचना प्रविधिको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धितर्फ खास प्रगति हुन नसकेपनि मुद्दा व्यवस्थापन लगायतका कार्यमा सूचना प्रविधिको अधिकतम प्रयोग हुने गरेको, मुद्दाहरु सफ्टवेरमा इन्ट्री, दैनिक केश स्टाटस जनाउने, फैसला अपलोड फ्याक्स इमेल आदान प्रदान गर्ने गरिएको, इ-हाजिरी, डिस्प्लेबाट पेशी सूचीको जानकारी लगायत सि.सी. टि.भी. जडानका कार्य भएका छन् । समयसमयमा विद्यमान जनशक्तिलाई प्रशिक्षण कार्यक्रम समेत हुने गरेका छ भने आगामी दिनमा समेत सो कार्यलाई निरन्तरता दिई कर्मचारीहरुको सिप र दक्षता अभिवृद्धि गर्नेतर्फ जोड दिइने छ । न्यायका सरोकारवालाहरुसंगको अन्तरक्रिया, पत्रकार, वार, प्रहरी, सरकारी वकिल, नागरिक समाजहरुसंगको अन्तरक्रियात्मक कार्यक्रमहरुलाई निरन्तर संचालन गरी अदालतबाट प्रवाह हुने सेवा, सुविधा र कार्य प्रक्रियाको बारेमा जानकारी गराई योजनाको कार्यान्वयनमा जानकारी समेत गराइएको र सो कार्यलाई समेत निरन्तरता दिइने छ । जनशक्ति भौतिक व्यवस्थापन तालिम, गोष्ठी आदीका लागि सम्बन्धित निकायमा लेखि पठाइने छ । अदालतबाट प्रदान हुने सेवा र सेवाग्राहीहरुलाई कार्य प्रक्रिया एवं अदालती दस्तुर लगायतका विषयमा जानकारी गराउने उद्देश्यले Help Desk को व्यवस्था भएको छ र निरन्तर हुनेछ साथै अदालत परिसर भित्र नगारिक बडापत्र राख्ने समेत व्यवस्था भएको छ । अदालतको कार्यबोझको आधारमा हाल दिदैं आइरहेको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताले कर्मचारीहरुमा उत्प्रेरणा जगाई काम कर्तव्यलाई चुस्तदुरुस्त राख्न समेत उल्लेख्य योगदान पुगेको हुँदा सो व्यवस्था निरन्तर लागू हुन पर्ने देखिन्छ ।

अन्तमा चौथो योजनाले आत्मसाथ गरेको *"न्यायपालिकाको स्वतन्त्रता न्यायीक सुशासन हाम्रो प्रतिबद्धता"* भन्ने मूल नारालाई साकार पार्दै न्याय सम्पादनलाई छिटो छरितो तुल्याई सम्पूर्ण जनतालाई न्यायमा पहुँच पुऱ्याउने उद्देश्यका साथ सबैका लागि न्याय सुनिश्चित गर्ने परिदृश्यका साथ लागू भएको चौथो योजना र प्रस्तुत कार्य योजनामा उल्लेख भएका क्रियाकलाप एवं कानूनी व्यवस्थालाई पूर्ण रुपमा व्यवहारमा लागू गरी योजनाको सफल र प्रभावकारी कार्यान्वयन हुने कुरामा यस अदालतले प्रतिवद्धता व्यक्त गर्दछ ।

## २.२. आ.व.०७५/७६ को निर्धारित लक्ष्य र प्रगतिको समिक्षा

न्यायपालिकाको योजनावद्ध सुधारको तेश्रो श्रृखलाका रुपमा आर्थिक वर्ष २०७१/७२-०७५/७६ को लागि तेश्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी लागू गरिएको थियो । यस

योजनाले न्याय सम्पादनको कार्यलाई छिटो छरितो तुल्याउने, न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने, न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने र न्यायपालिका प्रति आस्था र अभिवृद्धि गर्ने समेतका ४ वटा लक्ष्य निर्धारण गरेको थियो । उल्लेखित लक्ष्य प्राप्तिका लागि ती लक्ष्यहरुसँग सम्बन्धित १६ वटा मूल रणनीतिहरु र व्यवस्थापकीय एवं नीतिगत कार्य तथा कृयाकलाप र कार्य सम्पादन सूचक समेत निर्धारण गरिएको थियो ।मूल योजनाले लिएको लक्ष्य प्राप्तिका लागि तेश्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरे अनुरुप मूल योजनाको अधिनमा रही यस उच्च अदालत पोखरा बागलुङ इजलासले पनि आफ्नो वार्षिक कार्य योजना बनाई सोही योजनाले निर्दिष्ट गरे मुताविक नै आफ्नो नियमित न्याय सम्पादनको कार्य गरि आएको छ ।

आ.व.०७५/०७६ को अवधिमा यस योजनाले लिएको लक्ष्य हासिल गर्न योजनाको प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण जिम्मेवारी निभाउनु हुने माननीय न्यायाधीश ज्यूहरु, रजिष्ट्रार अधिकृत एवं सम्पूर्ण कर्मचारीहरुको कार्य सम्पादन तथा न्यायिक जनशक्तिका अतिरिक्त अन्य सरोकारवाला, न्यायक्षेत्र समन्वय समिति, विभिन्न सरकारी कार्यालय एवं स्थानिय निकायहरु, नागरिक समाज,प्रहरी, बार इकाई लगायत आम सेवाग्राही लगायतको सक्रिय, समन्वयात्मक एवं रचनात्मक सहयोगबाट यस अदालतले आफ्नो लक्षित उद्धेश्य अनुरुपको प्रगती प्राप्त गर्न सफल भएको छ।

यस अवधिमा कार्य योजनाले लिएको उद्धेश्य र लक्ष्य प्राप्तिका लागि योजनाले निर्दिष्ट गरेका व्यवस्थापकीय कार्यहरुमा न्यायिक प्रक्रिया र प्रणालीका बारेमा समुदायका विभिन्न वर्गसँग अन्तरसम्वाद न्यायमा वाह्य पाहुच (Judical Outreach) कार्यक्रम संचालन, न्यायाधीशहरुसँग मुद्दाका पक्षहरुले अन्तरक्रिया गर्न पाउने (Meet the Judge) प्रणाली समेत लक्ष्य अनुरुप नै सम्पन्न गरिएको छ। न्यायिक प्रक्रिया र काम कारवाही सम्बन्धी आधारभूत जानकारी प्रवाह गर्नका लागि आम संचारका माध्यमहरुसँग विभिन्न अन्तरक्रिया कार्यक्रमहरु समेत सम्पन्न गरिएको छ। यस अदालतमा आउने सेवाग्राहीका लागि नियमित रुपमा परामर्श सेवा (Counseling Service) समेत संचालन गरिदै आएको छ। त्यस्तै योजनाको आन्तरिक प्रगति समिक्षा, सरोकारवालाहरुसँग योजना कार्यान्वयन समिक्षा, न्यायक्षेत्र समन्वय समिती, बार सरकारी वकिलसँगको अन्तरक्रियाहरु समेत समयमै सम्पन्न गरिएको अवस्था छ। त्यसैगरी अदालत व्यवस्थापन समितीको वैठक एवं र मेलमिलापकर्ताहरुसँग समेत अन्तरक्रियाहरु सम्पन्न गरिनुका सथै सूचना प्रविधि प्रयोग सम्बन्धी तालिम, अभिलेख व्यवस्थापन, पुस्तकालत व्यवस्थापन, मानव संसाधन क्षमता विकास, टिपोट जस्ता तालिमहरु समेत सम्पन्न गरिएको छ। यस अवधिमा वार्षिक कार्य योजना हेर्ने न्यायाधीश र अन्य कर्मचारीहरु सहितको संयन्त्र समेत निर्माण गरिएको थियो । यस अदालत लगायत मातहत अदालतहरुको समेत आफ्नो

कार्य योजनामा उल्लेखित लक्ष्य प्रगतिको सम्बन्धमा चौमासिक र वार्षिक समीक्षा कार्यक्रम समेत सम्पन्न गरिएको छ । यस अदालतमा गुनासो सुन्ने अधिकारी तोकी गुनासो सुनुवाईलाई नियमित गरिएकोमा यस अवधिमा सरोकारवाला एवं सेवाग्राहीबाट समेत कुनै गुनासो गरेको पाइएन ।

यसरी समग्रमा यस अदालतले हासिल गरेको यो आ.व.मा तोकिएको लक्ष्य र प्रगति सन्तोषजनक रुपमा देखिन्छ ।

मुल कार्य (मुद्दा फर्छ्यौट) अन्तर्गतको न्याय निरुपण गर्ने कार्यको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**आ.व.२०७५/२०७६**

| शीर्षक | जिम्मेवारी सरिआएका | नयाँ दर्ता अनुमान | जम्मा अनुमानित लगत | फछ्र्यौट लक्ष्य | | कायम भएको बास्तविक लगत | फछ्र्यौट | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| न्याय प्रशासन ऐन, २०७३ र नागरिक अधिकार ऐन २०१२ अन्तर्गतको निवेदन | ३ | ३३ | ३६ | २८ | ७७.७७% | ५३ | ४२ | ७९.२५ |
| देवानी तथा फौजदारी मुद्दामा परेको पुनरावेदन | ४६ | १६४ | २०९ | १५५ | ७४.१६ | ३०७ | २३६ | ७७.४६ |
| साधक | ० | २ | २ | २ | १०० | ८ | ८ | १०० |
| सुरु क्षेत्राधिकार अन्तरगतको मुद्दा | ० | ३ | ३ | ३ | १०० | ४ | १ | २५ |
| **जम्मा** | **४९** | **२०२** | **२५०** | **१८८** | **७५.२०** | **३७२** | **२८७** | **७७.१५** |
| निवेदन | ० | ८६ | ८६ | ८६ | १०० | ३९ | ३९ | १०० |
| प्रतिवेदन | १ | ८६ | ८६ | ८६ | १०० | ३७ | २९ | ७८.३८ |
| फुटकर निवेदन | ० | ११ | ११ | ११ | १०० | २८ | २८ | १०० |
| जम्मा | **१** | **१८३** | **१८३** | **१८३** | **१००** | **१०४** | **९६** | **९२.३१** |
| **कूल जम्मा** | **४९** | **३८५** | **४३३** | **३७१** | **८५.६८** | **४८४** | **३९२** | **८०.९९** |

**<u>मुल कार्यतर्फः-</u>**

आ.व.०७५/७६ मा सरकारवादी फौजदारी ३५, दुनियावादी देवानी ८, दुनियावादी फौजदारी ३ थान रिट निवेदनतर्फ ३ थान निषेधाज्ञा गरी जम्मा ४९ थान मुद्दा जिम्मेवारी सरिआएकोमा यो वर्ष १८४ थान सरकारवादी फौजदारी, ५८ थान दुनियावादी र २७ थान दुनियावादी फौजदारी मुद्दा तथा रिट निवदनतर्फ २ थान बन्दी प्रत्यक्षीकरण, २२ थान निषेधाज्ञा र १२ थान परमादेश र उत्प्रेषण तथा अन्य

१४ गरी ३२३ थान दर्ता हुन आई कुल मुद्दा संख्या ३७२ भएकोमा यो वर्ष २८७ थान मुद्दा फछ्र्यौट भई बाँकी ८५ थान मुद्दा आ.व. ०७६/७७ का लागि जिम्मेवारी सरी आएको देखिन्छ ।त्यस्तै ८ थान प्रतिवेदन यो वर्षमा जिम्मेवारी सरी आएको देखिन्छ ।

जिम्मेवारी सरी आएका ८५ थान मुद्दामध्ये ८२ थान मुद्दा १ वर्ष भित्रकै रहेका छन् भने ३ थान मुद्दा १ वर्ष नाघेका अवस्था छ ।लगाउ मुद्दा, पेशी स्थगित, पक्षहरुले तारेख गुजारेका कारण र आदेशानुसारको कार्य समयमा सम्पन्न नुहँदा उल्लेखित ३ थान मुद्दाहरु फछ्र्यौट हुन सकेको पाइएन । जिम्मेवारी सरेका मुद्दाहरु मध्ये आ.व.०७५/७६ मा ४६ थान मुद्दा फछ्र्यौट भई बाँकी ३ रहन गएको देखिन्छ । आ.व. ०७५/७६ मा अनुमानित मुद्दा दर्ता संख्या २०२ गरी जम्मा लगत २५१ हुने अनुमान गरिएकोमा यस वर्षको माघ महिनामा नै उक्त संख्या दर्ता भई बाँकी १२१ बढी मुद्दा दर्ता हुन गई जम्मा ३२३ मुद्दा संख्या दर्ता हुन आई कुल लगत ३७२ देखिन्छ । उक्त मुद्दा संख्याको फछ्र्यौट ७५% रहेकोमा यो वर्ष ७७.१५% फछ्र्यौट भई लक्ष अनुसारको प्रगती भएको देखिन्छ । आ.व. ०७५/७६ मा कुल लगत संख्याको २८७ मुद्दाहरु फछ्र्यौट भएकोमा यस वर्ष २०७६ सालको वैशाख महिनामा १९८ थान मुद्दा फर्छ्यौट भई गत आ.व.को फर्छ्यौट संख्या उक्त वैशाख महिनामा नै पुरा भएको देखिन्छ । साथै अनुमान गरिए भन्दा बढी मुद्दा दर्ता भएको स्थितीमा कार्ययोजनामा उल्लेखित मासिक मुद्दा फछ्र्यौटको स्थिति पनि लक्ष्य अनुसार प्रगति भएको देखिंदा आ.व. ०७५/७६ को मूल कार्यतर्फ लक्ष्य प्रगति सन्तोषजनक रुपमा रहेको अवस्था छ। यस अवधिमा मेलमिलापको लागि मेलमिलाप केन्द्रमा ११ थान मुद्दा पठाइएकोमा १ थान मुद्दा मेलमिलाप मार्फत मिलापत्र भएको, ९ थान मुद्दा मिलापत्र हुन नसकि फिर्ता हुन आएको र १ थान मुद्दा मिलमिलापको प्रक्रियामा रहेको छ। मुल्तबी तर्फ जिम्मेवारी सरि आएको ४ थान मुद्दाहरु सम्बन्धीत मिशिलहरु सर्वोच्च अदालतबाट प्राप्त नहुँदा मुल्तवीमा रहेको । यस वर्ष सडाउन पर्ने मिशिल संख्या ११४ भएकोमा सबै मिशिल कागजहरु सडाई लक्ष्य अनुसार तोकिएका कामहरु समयमै सम्पन्न गरिएको छ ।

## यस अदालतमा रहेका बाँकी मुद्दाहरुको अवधिगत विवरणः

यस अदालतमा बाँकी रहेका मुद्दाहरुको अवधिगत विवरण निम्न अनुसार रहेको छ ।

| अदालतको नाम | विषय | बांकी रहेका मुद्दाहरु | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | एक वर्ष भित्र | १ वर्षदेखि १८ महिना भित्र | १८ महिनादेखि २ वर्ष भित्र | २ वर्ष नाघेको | |
| उच्च अदालत पोखरा, बागलूङ | पुनरावेदन | ७२ | २ | ० | ० | ७४ |
| | सुरु मुद्दा | ० | ० | ० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इजलास | साधक | ० | ० | ० | ० | ० |
| | रिट निवेदन | १० | १ | ० | ० | ११ |
| | निवेदन | ० | ० | १ | ० | ० |
| | प्रतिवदन | ८ | ० | ० | ० | ८ |
| **जम्मा** | | ९० | ३ | ० | ० | ९३ |

# यस अदालतको विगत ५ वर्षको मुद्दा प्रवाहको स्थिति

| **मुद्दा** | | **०७१/०७२** | **०७२/०७३** | **०७३/०७४** | **०७४/०७५** | **०७५/०७६** |
|---|---|---|---|---|---|---|
| पुनराबेदन तर्फ | देवानी | ५४ | ५१ | ६१ | ४० | ६६ |
| | फौजदारी | १८८ | १७० | १६९ | १४४ | २४१ |
| | साधक | १ | २ | १ | २ | ८ |
| रिट निवेदन तर्फ | निषेधाज्ञा | ७ | १६ | १५ | १७ | २५ |
| | परमादेश | ७ | १० | ८ | ५ | १२ |
| | बन्दीप्रत्यक्षीकरण | २ | ६ | १ | १ | २ |
| | उत्प्रेषण | ४ | ९ | १३ | ११ | १४ |
| सुरु क्षेत्राधिकार तर्फका | | २ | १ | ४ | ४ | ४ |
| | **जम्मा** | **२६५** | **२६५** | **२७२** | **२२४** | **३७२** |
| | निवेदन | ६८ | ८९ | ४८ | ४६ | ३९ |
| | प्रतिवेदन | ६१ | ५९ | २८ | ३७ | ३७ |

# विगत ५ वर्ष देखिको कार्यप्रगतिको समीक्षा

## यस अदालतको विगत ५ वर्षको कार्यप्रगति देहाय बमोजिम उल्लेख गरिएको छ ।

| **सि.नं.** | **आर्थिक वर्ष** | **जिम्मेवारी सरेको** | **नयाँ दर्ता** | **जम्मा** | **फछ्र्योट** | **फछ्र्योट प्रतिशत** | **बाँकी** |
|---|---|---|---|---|---|---|---|
| १ | २०७१/०७२ | ३६ | २२९ | २६५ | २२२ | ८३.७७ | ४३ |
| २ | ०७२ /०७३ | ४३ | २२२ | २६५ | २२४ | ८४.५२ | ४१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ०७३ /०७४ | ४१ | २३१ | २७२ | २२४ | ८२.३५ | ४८ |
| ४ | ०७४ /०७५ | ४८ | १७६ | २२४ | १७५ | ७८.१२ | ४९ |
| ५ | ०७५ / ०७६ | ४९ | ३२३ | ३७२ | २८७ | ७७.१५ | ८५ |

## २.३. फैसला कार्यान्वयनतर्फ

न्यायपालिकाको चौथो रणनीतिक योजनाले निर्धारण गरेको दोस्रो मुल कार्य अन्तर्गत फैसला कार्यान्वयन हो । उच्च अदालतबाट फैसला कार्यान्वयनको क्रममा गर्नुपर्ने कार्य कमै हुने र फैसला कार्यान्वयन सम्वन्धमा प्राथमिक जिम्मेवारी जिल्ला अदालतको हुने भएकोले उच्च अदालतले सुरु जिल्ला अदालतबाट भएको फैसला फरक परेमा फैसला बमोजिम लगत कसी असूलउपर गर्नु भनी लगत रहेको सम्बन्धित अदालतमा लेखी पठाइने हुँदा फैसला कार्यान्वयन एवम् असूल तहसिलको कार्यमा यस अदालत प्रत्यक्ष संलग्न हुनुपर्ने स्थिति रहँदैन । यस योजना अवधिमा नागरिक अधिकार ऐन र न्याय प्रशासन ऐन, २०७३ बमोजिम यस अदालतले सुरु कारवाही र किनारा गरेका विवादसँग सम्बन्धित निर्णयको कार्यान्वयनका लागि लेखी पठाउने गरेको र उपरोक्त बमोजिम निर्णयहरुको कार्यान्वयन भइरहेको पाइयो । त्यस्तै यस अदालतबाट हुने मातहत जिल्ला अदालतहरुको निरीक्षणका क्रममासमेत फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिइएको तथा दिइएका निर्देशनहरुको कार्यान्वयन भए नभएतर्फ निरन्तर सुपरिवेक्षण समेत हुने गरेको छ । साथै यस अदालतले साविक योजना बमोजिम फैसला कार्यान्वयनका लागि निर्देशन दिने गरिएको र आगामी दिनमा समेत उच्च अदालत पोखरा, बागलुङ इजलासबाट दिइएका निर्देशनहरुको कार्यान्वयन भए नभएतर्फ निरन्तर सुपरिवेक्षण गरिने छ ।

# वार्षिक तथा मासिक लक्ष्य निर्धारण खण्ड

## (परिच्छेद – ३)

## ३. वार्षिक लक्ष्य निर्धारण तथा वार्षिक लक्ष्य बमोजिम मासिक कार्यतालिका

फाराम नं १

उच्च अदालत पोखरा, बागलुङ इजलास

आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक कार्य योजना

वार्षिक लक्ष्य निर्धारण फाराम

(योजनाको लक्ष्य १ को रणनीति उद्देय नं.१ १ (ग) सँग सम्बन्धित)

**अदालतको नामः-** उच्च अदालत पोखरा, बागलुङ इजलास

**न्यायपालिकाको चौथौ रणनीतिक योजनाले उच्च अदालतहरुका लागि र.उ. १.१.(ग) अन्तर्गत निर्धारण गरेका लक्ष्यहरु**

**योजना अनुसार वार्षिक रुपमा फैसला गर्नुपर्ने मुद्दाको संख्याः- २४५**

| सि.नं | जिम्मेवारी | | | | | | | | नयाँ दर्ताको अनुमान | | | जम्मा बार्षिक अनुमानित लगत | योजनाले तोकेको लक्ष्य | बार्षिक लक्ष्य* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रिटतर्फ | | | | मुद्दातर्फ | | | | | | | | | |
| | ६ महिना भित्रको | १ बर्ष भित्रको | १८ महिना भित्रको | जम्मा | १ बर्षभित्र | १ बर्षदेखि १८ महिना भित्र | १८ महिना नाघेको | जम्मा | तीन आ.व.को औषत मुद्दा दर्ता संख्या | १० प्रतिशतले हुने बृद्धि | अनुमानित संख्या | | | |
| १ | १० | १ | ० | ११ | ६६ | ८ | ० | ७४ | २९० | २९ | ३१९ | ४०४ | ६१ | २४५ |

तयार गर्ने

प्रमाणित गर्ने

## फाराम नं २

## उच्च अदालत पोखरा, बागलुङ इजलास

## आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक कार्य योजना

## वार्षिक लक्ष्य निर्धारण फाराम

(रणनीतिक योजनाको अन्तर्गत लक्ष्य १ को रणनीति उद्देश्य १.१ (ग) सँग सम्बन्धित)

अदालतको नामः- उच्च अदालत पोखरा, बागलुङ इजलास

योजना अनुसार वार्षिक रुपमा फैसला गर्नुपर्ने मुद्दाको संख्याः- २४५

| सि.नं. | विषय | अवधिगत संख्या | जिम्मेवारी सरी आएको मुद्दा | नयाँ दर्ता अनुमान | जम्मा कायम हुने आउने अनुमानित बार्षिक लगत | अनुमानित वार्षिक मुद्दा फछ्र्यौट संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शुरु मुद्दा | ६ महिना भित्रको | ३ | ५ | ८ | ६ | |
| | | ६ महिना देखि १ वर्षभित्रको | | | | | |
| | | १ वर्ष देखि १८ महिना भित्रको | | | | | |
| | | १८ महिना नाघेको | | | | | |
| २ | पुनरावेदन | ६ महिना भित्रको | ४५ | २६३ | ३३४ | १२२ | |
| | | ६महिना देखि १ वर्ष भित्रको | २४ | | | ८० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ वर्ष देखि १८ महिना भित्रको | २ | | | ० | |
| | | १८ महिना नाघेको | | | | ० | |
| ३ | रिट र निषेधाज्ञा निवेदन | ६ महिना भित्रको | १० | ४५ | ५६ | ३४ | |
| | | ६महिनादेखि १ वर्ष भित्रको | ० | | | ० | |
| | | १ वर्ष देखि १८ महिना भित्रको | १ | | | ० | |
| | | १८ महिना नाघेको | ० | | | ० | |
| ४ | साधक जाँच | ६ महिना भित्रको | ० | ६ | ६ | ३ | |
| | | ६महिनादेखि १ वर्ष भित्रको | | | | | |
| | | १ वर्ष देखि १८ महिना भित्रको | | | | | |
| | | १८ महिना नाघेको | | | | | |
| **मुद्दा तथा रिटको जम्मा** | | | **८५** | **३१९** | **४०४** | **२४५** | |
| ५ | निवेदन | | ० | ५० | ५० | ५० | |
| ५.क | कैफियत प्रतिवेदन | | ८ | ३८ | ४६ | ४६ | |
| ६ | फुटकर निवेदन | | ० | ३० | ३० | ३० | |
| **जम्मा** | | | **८** | **११८** | **१२६** | **१२६** | |
| **कूल जम्मा** | | | **९३** | **४३७** | **५३०** | **३७१** | |

तयार गर्ने

प्रमाणित गर्ने

फाराम नं ३

उच्च अदालत पोखरा, बागलुङ इजलास/अस्थायी इजलास

आर्थिक वर्ष २०७६/२०७७को वार्षिक कार्य योजना

मासिक लक्ष्य निर्धारण फाराम

(योजनाको लक्ष्य १ को रणनीति उदेश्य नं. १.१ ग. सँग सम्बन्धित)

योजनाबाट निर्धारण भए अनुसार वार्षिक रुपमा फैसला गर्नुपर्ने मुद्दाको जम्मा सँख्याः २४५ प्रतिशतः ६१%

| क्र.सं. | मुद्दा | अवधि | विवरण | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यदिन | १३ | २४ | ११ | २२ | २६ | २५ | २५ | २५ | २५ | २४ | २७ | २६ | २७३ |
| १ | मुद्दा शुरु | महिना ६ भित्रको | लक्ष्य | १ | १ | १ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ६ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | ६ महिनादेखि १ वर्षभित्रको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १ वर्षदेखि १८ महिनाभित्रको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १८ महिना नाघेको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| २ | पुनरावेदन | महिना ६ भित्रको | लक्ष्य | १ | १० | २ | २ | २ | १ | २ | ० | ० | ० | ० | ० | २० |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | ६ महिनादेखि १ वर्षभित्रको | लक्ष्य | ३ | ७ | ३ | ११ | १४ | १६ | १६ | २१ | २३ | २२ | २३ | २४ | १८३ |
| | | | प्रगति | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ वर्षदेखि १८ महिना भित्रको | लक्ष्य | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १८ महिना नाघेको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| ३ | रिट | ६महिनाभित्रको रिट | लक्ष्य | १ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | ६ महिनादेखि १ वर्षभित्रको | लक्ष्य | १ | १ | १ | २ | ३ | ३ | ३ | ३ | ४ | ३ | ३ | २ | २९ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १ वर्षदेखि १८ महिना भित्रको | लक्ष्य | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १८ महिना नाघेको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| **जम्मा** | | | लक्ष्य | १० | २० | ८ | १७ | २० | २१ | २१ | २४ | २७ | २५ | २६ | २६ | २४५ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| ४ | निवेदन | १ महिना भित्र | लक्ष्य | ० | ४ | ६ | ४ | ८ | ८ | १० | ६ | ४ | ० | ० | ० | ५० |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | प्रतिवेदन | १ महिना भित्र | लक्ष्य | ० | ६ | ५ | ८ | ७ | ४ | 0 | 0 | 0 | 0 | 0 | 0 | ३० |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | फुटकर निवेदन | १ महिना | लक्ष्य | ४ | ४ | ६ | ८ | १० | ८ | ६ | ० | ० | ० | ० | ० | ४६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाघेको | प्रगति | | | | | | | | | | | | | |
| **जम्मा** | | | लक्ष्य | ४ | १४ | १७ | २० | २५ | २० | १६ | ६ | ४ | ० | ० | ० | १२६ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| **कूल जम्मा** | | | **लक्ष्य** | **१४** | **३४** | **२५** | **३७** | **४५** | **४१** | **३७** | **३०** | **३१** | **२५** | **२६** | **२६** | **३७१** |
| | | | **प्रगति** | | | | | | | | | | | | | |

तयार गर्ने

प्रमाणित गर्ने

फाराम नं ४

उच्च अदालत पोखरा बागलुङ इजलास

आर्थिक वर्ष २०७६/२०७७को वार्षिक कार्य योजना

इजलासगत लक्ष्य निर्धारण फाराम

(रणनीतिक योजना लक्ष्य १ को रणनीति उद्देश्य नं.१. १ सँग सम्बन्धित)

योजनाबाट निर्धारण भए अनुसार वार्षिक रुपमा फैसला गर्नुपर्ने मुद्दाको जम्मा सँख्याः २४५

| क्र.सं. | मुद्दा | अवधि | विवरण | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यदिन | १३ | २४ | ११ | २२ | २६ | २५ | २५ | २५ | २५ | २४ | २७ | २६ | २७३ |
| 1 | मुद्दा शुरु | महिना भित्रको ६ | लक्ष्य | १ | १ | १ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ६ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | ६ महिनादेखि १ वर्षभित्रको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १ वर्षदेखि १८ महिनाभित्रको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १८ महिना नाघेको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| 2 | पुनरावेदन | महिना भित्रको ६ | लक्ष्य | १ | १० | २ | २ | २ | १ | २ | ० | ० | ० | ० | ० | २० |
| | | | प्रगति | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ६ महिनादेखि १ वर्षभित्रको | लक्ष्य | ३ | ७ | ३ | ११ | १४ | १६ | १६ | २१ | २३ | २२ | २३ | २४ | १८३ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १ वर्षदेखि १८ महिना भित्रको | लक्ष्य | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १८ महिना नाघेको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| ३ | रिट | ६महिनाभित्रको रिट | लक्ष्य | १ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | ६ महिनादेखि १ वर्षभित्रको | लक्ष्य | १ | १ | १ | २ | ३ | ३ | ३ | ३ | ४ | ३ | ३ | २ | २९ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १ वर्षदेखि १८ महिना भित्रको | लक्ष्य | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | | १८ महिना नाघेको | लक्ष्य | | | | | | | | | | | | | |
| | | | प्रगति | | | | | | | | | | | | | |
| **जम्मा** | | | लक्ष्य | १० | २० | ८ | १७ | २० | २१ | २१ | २४ | २७ | २५ | २६ | २६ | २४५ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| ४ | निवेदन | १ महिना भित्र | लक्ष्य | ० | ४ | ६ | ४ | ८ | ८ | १० | ६ | ४ | ० | ० | ० | ५० |
| | | | प्रगति | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिवेदन | १ महिना भित्र | लक्ष्य | ० | ६ | ५ | ८ | ७ | ४ | ० | ० | ० | ० | ० | ० | ३० |
| | | | प्रगति | | | | | | | | | | | | | |
| | फुटकर निवेदन | १ महिना नाघेको | लक्ष्य | ४ | ४ | ६ | ८ | १० | ८ | ६ | ० | ० | ० | ० | ० | ४६ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| **जम्मा** | | | लक्ष्य | ४ | १४ | १७ | २० | २५ | २० | १६ | ६ | ४ | ० | ० | ० | १२६ |
| | | | प्रगति | | | | | | | | | | | | | |
| **कूल जम्मा** | | | लक्ष्य | १४ | ३४ | २५ | ३७ | ४५ | ४१ | ३७ | ३० | ३१ | २५ | २६ | २६ | ३७१ |
| | | | प्रगति | | | | | | | | | | | | | |

**तयार गर्ने** **प्रमाणित गर्ने**

फाराम नं ५

उच्च अदालत पोखरा बागलुङ इजलास

आ व २०७६/०७७ को वार्षिक कार्य योजना

मातहत अदालत र कार्यालयको निरीक्षण एवं अनुगमनसम्बन्धी लक्ष्य निर्धारण फाराम

**निरीक्षण गर्नुपर्ने अदालतको सँख्याः ४**

**निरीक्षण गर्नुपर्ने कारागारको सँख्याः ४**

| सि.नं. | न्यायाधीशको नाम | निरीक्षण गर्ने महिना | निरीक्षण गर्नपर्ने अदालत र कार्यालयको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | | | | **यस अदालतको पूर्ण वैठकबाट निर्णय भए बमोजिम २०७६ साल फागुन र चैत्र महिनामा हुने** |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| जम्मा संख्या | | | | |

**तयार गर्ने** **प्रमाणित गर्ने**

फाराम नं ६

उच्च अदालत पोखरा बागलुङ इजलास

आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक कार्य योजना

मिसिलको आन्तरिक निरीक्षण गर्ने कार्यको मासिक लक्ष्य निर्धारण फाराम

**जिम्मेवारी सरिआएको मिसिल सँख्याः- ८५**

**यसवर्ष दर्ता हुने अनुमानित मुद्दा संख्याः-४०४**

**जम्मा निरीक्षण गर्नुपर्ने मिसिल संख्याः- ३५०**

**स्रोस्तेदारको नामः श्री ध्रुव कुमार ढकाल**

**सुपरिन्टेन्डेन्टको नामः-**

| विषय | मिसिलको आन्तरिक निरीक्षणको मासिक लक्ष्य | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिना | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | जम्मा |
| मिसिलको आन्तरिक निरीक्षण | लक्ष्य | २० | ४० | २० | ४० | ३० | २५ | ३० | ३५ | २० | ३० | ३० | ३० | ३५० |
| | प्रगति | | | | | | | | | | | | | |

**तयार गर्ने** **प्रमाणित गर्ने**

फाराम नं ७

उच्च अदालत पोखरा, बागलुङ इजलास

आर्थिक वर्ष २०७६/२०७७को वार्षिक कार्ययोजना

व्यवस्थापकीय कार्यको मासिक लक्ष्य निर्धारण फाराम

| **कार्यको विषय** | **मासिक रुपमा सम्पन्न गर्नु पर्ने कार्यहरुको लक्ष्य** | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **साउन** | **भदौ** | **असोज** | **कात्तिक** | **मंसिर** | **पौष** | **माघ** | **फागुन** | **चैत** | **बैशाख** | **जेठ** | **आषाढ** | **जम्मा** |
| वैतनिक कानूनव्यवशायीबाट कारागार भ्रमण पटक | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३५ |
| काउन्सेलिङ्क सेवा संचालन पटक | निरन्तर | | | | | | | | | | | | |
| योजनाको प्रगति समीक्षा पटक | | | | १ | | | १ | | | १ | | १ | ४ |
| योजना कार्यान्वयनका सम्बन्धमा सरोकारवालाहरुसंग अन्तरक्रिया पटक | | १ | | | १ | | | १ | | | १ | | ४ |
| तामेलदार र स्थानीय निकायका सचिबहरु बीच अन्तरक्रिया पटक | | | | | | | १ | | | | | | १ |
| सडाउनु पर्ने कागजातहरु सडाइने मिसिल संख्या | | | | | | | | २७ | २७ | २७ | २७ | ३० | १३८ |
| न्याय क्षेत्र समन्वय समितिको बैठक पटक | | | १ | | | १ | | | १ | | | १ | २ |
| वार र सरकारी वकीलसंग अन्तरक्रिया पटक | | १ | | | | | | | १ | | | | २ |

